## बैठक संख्याः ५, मितिः २०८१ मंसिर ११

## निर्णयहरु

**प्रस्ताव नं. ६: तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७: पोषण समुह गठन, पुनर्गठन, नविकरण र व्यवस्थापन निर्देशिका २०८१ सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको पोषण समुह गठन, पुनर्गठन, नविकरण र व्यवस्थापन निर्देशिका २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८: ढुङ्गा गिट्टी बालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ संशोधन सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको ढुङ्गा गिट्टी बालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ तपसिल बमोजिम संशोधन स्वीकृत गर्ने निर्णय गरियो।

**गल्छी गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ लाई संशोधन गर्न बनेको मस्यौदा, २०८१**

प्रस्तावनाः गल्छी गाउँपालिकाले स्वीकृत गरी लागु गरेको गल्छी गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ का केही दफाहरुमा संशोधन गरी राजस्व संकलन कार्यलाई व्यवस्थित बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले यो संशोधन मस्यौदा तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी लागु गरीएको छ।

१) गल्छी गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ (यसपछि मूल कार्यविधि भनिएको) को दफा १७ को उपदफा (२) मा संशोधन : गल्छी गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को दफा १७ को उपदफा (२) (ङ) मा माटो विक्रिवितरणको परिणाम सहितको जग्गा धनीको निवेदन को सट्टा "माटो विक्रिवितरण कार्यको सम्झौता र स्वीकृतका लागि जग्गा धनीको निवेदन" भन्ने वाक्य राखएकोछ।

## बैठक संख्याः ५, मितिः २०८१ मंसिर ११

## निर्णयहरु

२) मूल कार्यविधिको दफा १७ को उपदफा ४ मा संशोधन : मूल कार्यविधिको दफा १७ को उपदफा ४ मा उपदफा ३ बमोजिमको घडेरी उत्खनन् गर्दा वा सम्याउँदा निस्कने माटो विक्रिवितरण वा घाटगद्दी गर्दा प्राविधिक स्थलगत प्रतिवेदनको आधारमा अग्रिम रुपमा ५० प्रतिशत रकम जग्गा सम्याउन वा विक्रिवितरणको अनुमति शुल्क वापत देहाय बमोजिम गाउँपालिकालाई राजस्व बुझाउनु पर्नेछ भन्ने शब्दहरुको सट्टा उपदफा ३ बमोजिम घडेरी उत्खनन् गर्दा वा सम्याउँदा निस्कने माटो विक्रिवितरण वा घाटगद्दी गर्दा उक्त क्षेत्रबाट उत्खनन् भएको माटो प्रति टिप देहाय बमोजिमको दरले गाउँपालिकालाई राजस्व बुझाउनु पर्नेछ।

३) मूल कार्यविधिको दफा १७ मा संशोधन :
मूल कार्यविधिको दफा १७ को उपदफा ४ पछि देहायको उपदफा ५ थपिएको छ।
उपदफा (५) : उपदफा ४ बमोजिमको राजस्व संकलन गर्न गाउँपालिकाले दैनिक रुपमा कर्मचारी खटाउने छ।

४) मूल कार्यविधिको दफा १७ को उपदफा ३ मा संशोधन : मूल कार्यविधिको दफा १७ को उपदफा ३ देहायको बमोजिम हुनेछ।
(३) उपदफा २ बमोजिम कार्य गर्दा गाउँपालिकाले व्यक्तिलाई वढीमा १ रोपनी र उद्योग वा कम्पनीलाई बुढीमा ५ रोपनी सम्मको क्षेत्रफलको सिमा भित्र रहेर अनुमती प्रदान गर्न सक्नेछ।
(३क) उपदफा (२) बमोजिम जग्गा सम्याउदा निस्केको माटो निवेदकले भाडामा लिई वा नलिई सार्वजनिक स्थल बाहेकका क्षेत्रमा घाटगद्दी राख वा विक्रि वितरण गर्न सक्नेछ।

**प्रस्ताव नं. ९: उर्जा प्रभावकारी भवन निर्माण स्वीकृती सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको उर्जा प्रभावकारी भवन निर्माण स्वीकृती सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०: यातायात व्यवस्था कार्यालय स्थापना सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको वडा नं. ७, गल्छीमा यातायात व्यवस्था कार्यालय स्थापनाको लागि बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडालाई अनुरोध गर्ने निर्णय गरियो।

## बैठक संख्याः ५, मितिः २०८१ मंसिर ११
## निर्णयहरु

**प्रस्ताव नं. ११: आ.व. २०८१/०८२ को योजनाहरुको सम्झौता सम्बन्धमा।**

**निर्णयः** आ.व. २०८१/०८२ का लागि स्वीकृत योजनाहरुको सम्झौता मिति २०८१ चैत्र मसान्तसम्म गरिसक्नु पर्ने अन्यथा चालु आ.व.मा योजना सम्झौता नगर्ने र सम्झौता अवधि भरि कार्यसम्पन्न नभएका योजनाहरुको म्याद थप नगर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १२: कल्लेरी खानेपानी लिफ्टिङको लागि पानी तान्ने मोटर खरिद सम्बन्धमा।**

**निर्णयः** यस गल्छी गाउँपालिकाको वडा नं २ को कल्लेरी खानेपानी लिफ्टिङको पानी तान्ने मोटर बिग्रिएकोले २५ एच.पि.को मोटर तथा पम्पको दुई थान खरिद गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३: नदिजन्य पदार्थ सङ्कलन तथा ढुवानीका लागी अनुमती सम्बन्धमा।**

**निर्णयः** राष्ट्रिय गौरवको आयोजना नौबिसे – मलेखु सडक खण्ड स्तरोन्नती कार्यका लागि आवश्यक निर्माण सामग्री उपलब्ध गराउन भनी शर्मा-लामा-जेड.आई.सि.जि. जे.भी., सितापाइला, काठमाडौंले निवेदन दिए अनुसार यस गल्छी गाउँपालिका अन्तर्गतको आई.ई.ई. गरेको रुम्टा बगरबाट उक्त आई.ई.ई.ले तोके बमोजिम कच्चा निर्माण सामग्री उत्खनन गर्न अनुमती दिने साथै नपुग भएमा आई.ई.ई. गरेका अन्य बगरबाट कच्चा निर्माण सामग्री उत्खनन गर्न अनुमती दिने निर्णय गरियो। यसरी उत्खनन गरेको कच्चा निर्माण सामग्री ढुवानी गर्दा प्रति ट्रिप छ चक्के ट्रिपरको लागि रु. १,५००/- र दश चक्के ट्रिपरको लागि रु. २,५००/- का दरले गाउँपालिकाको कार्यालयबाट राजस्व सङ्कलन गर्ने निर्णय गरियो।

## बैठक संख्याः ५, मितिः २०८१ मंसिर ११

## निर्णयहरु

**प्रस्ताव नं. १४: योजना सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेटको तपसिल बमोजिमको शिर्षकबाट तपसिल बमोजिमको योजनामा बजेट विनियोजन गरि आगामी गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिलः**

| क.सं. | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी हुने शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | बाटो सरसफाई तथा मर्मत, वडा नं २ | १४,००,००० | अन्य सार्वजनिक निर्माण, वडा नं २ | १५,००,००० |
| २ | बाटो सरसफाई तथा मर्मत, वडा नं ६ | १६,००,००० | विविध कार्यक्रम खर्च, वडा नं ६ | १०,००,००० |
| ३ | | | मागमा आधारित विकास योजना | ६,००,००० |

**प्रस्ताव नं. १५: साझेदारी योजना सम्बन्धमा।**

**निर्णयः** यस गाउँपालिका र सङ्घ तथा प्रदेशसँग साझेदारीमा हुने योजना तथा कार्यक्रमहरुको लागत अनुमानमा यस गाउँपालिकाबाट व्यहोर्नु पर्ने रकम यस चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रमको शिर्षक समपुरक साझेदारी कोषबाट विनियोजन गरि आगामी गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।